**आकाशवाणी समाचार- नेपाली**
**मितिः १२ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- पश्चिम बंगाल विधानसभा चुनावको लागी प्रचार तिब्र बनेको छ । प्रमुख राजनीतिक दलहरुका शीर्ष नेताहरुले रैलिहरुलाई संबोधित गरिरहेका छन् ।
- सरकारले डीजल माथि निर्यात शुल्क 21 रुपिया 50 पैसा प्रति लीटरले बढ़ाएर 55 रुपिया 50 पैसा प्रति लीटर गरेको छ ।
- पश्चिम एशियामा स्थायी शांतिको लागि अमरीका अनि ईरानले, पाकिस्तानको राजधानी इस्लामाबादमा वार्ता गरिरहेको छ ।
- बिहारको कटिहार जिल्लामा एक भीषण सड़क दुर्घटनामा 13 ब्तेक्तिहरुको मृतु भएको छ अनि धेरै अन्य घाइते भएका छन् ।
- मध्य प्रदेशको कुनो राष्ट्रीय उद्यानमा भारतमै जन्मीएको एक मादा चितुवाले जंगलमा चार शावकहरुलाई जन्म दिएको छ ।

## पश्चिम बंगाल-चुनाव प्रचार

पश्चिम बंगाल विधानसभा चुनावको लागी प्रचार तिब्र बनेको छ । प्रमुख राजनीतिक दलहरुका शीर्ष नेताहरुले रैलिहरुलाई संबोधित गरिरहेका छन् । प्रधानमंत्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेंद्र मोदीले हिज **कटवा, जंगीपुर अनि कुशमंडीमा** तीन रैलिहरुलाई संबोधित गर्नुभयो । उहाले राज्यमा घुसपैठको मुद्दा माथि भाजपाको अभियानलाई अझ तिब्र बनाउदै तुष्टीकरणको राजनीतिलाई समाप्त गर्न **समान नागरिक संहिता** लागू गरिने बताउनुभयो । पार्टीले बंगालिहरुलाई राज्यमा अल्पसंख्यक बन्न नदिने उहाले अझ बताउनुभयो । श्री मोदीले आगामी विधानसभा चुनावलाई पश्चिम बंगालको पहिचान अनि भविष्यको रक्षाको लड़ाई बताउनु भयो । उहाले भाजपा सत्तामा आए पारदर्शी प्रशासनको वादा गर्दै तृणमूल कांग्रेस माथि भ्रष्टाचार अनि कुप्रशासनको आरोप लगाउनु भयो । तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले बांकुरा, पश्चिम मिदनापुर अनि झाड़ग्राममा जनसभालाई संबोधित गर्नुभयो ।

## डीजल निर्यात शुल्क

सरकारले डीजल माथि निर्यात शुल्क **21 रुपिया 50 पैसा प्रति लीटरले** बढ़ाएर **55 रुपिया 50 पैसा प्रति लीटर गरेको छ** । वित्त मंत्रालयले जानकारी दिए अनुसार विमानन टरबाइन ईंधन माथि पानि शुल्क **29 रुपिया 50 पैसा प्रति लीटर देखि** बढ़ाएर **42 रुपिया प्रति लीटर गरेको छ** । पेट्रोल माथिको निर्यात शुल्क भने शून्य रहनेछ ।

## ईरान-अमरीका वार्ता

**पश्चिम एशियामा स्थायी शांतिको लागि अमरीका अनि ईरानले, पाकिस्तानको राजधानी इस्लामाबादमा वार्ता गरिरहेको छ ।** व्हाइट हाउसले बताए अनुसार यो बैठक दशकौमा अमरीका अनि ईरान बीच उच्चतम स्तरको प्रत्यक्ष बातचीत हो । ईरानी सरकारी मीडिया प्रेस टीवी अनुसार, इस्लामाबादमा वार्ताको तेस्रो अनि निर्णायक चरण चलिरहेको छ । दुई चरण पछि , यस संघर्षलाई समाप्त गर्नको लागि ईरानको कथित 10 सूत्री प्रस्ताव माथि समझौता सम्म पुग्ने अंतिम प्रयास मानिंदैछ ।यसै **बीच, अमरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभएको छ -ईरानसित समझौता होस् वा नहोस् यसले उहालाई केहि फरक पर्देन । अमरीकाले अघिबाटै सैन्य विजय प्राप्त गरिसकेको उहाले दावी गर्नुभएको छ । पत्रकार्हरुसित कुराकानीमा ट्रम्पले होर्मुज जलडमरूमध्यमा अभियान जारी रहेको बताउनुभयो ।**

ईरानको तसनीम न्यूज एजेंसीका अनुसार, प्रमुख मुद्दाहरु माथि पश्चिम एशियामा युद्धविरामको प्रयास, अमरीका द्वारा जब्त गरिएको ईरानी संपत्तिहरुको रिहाई अनि होर्मुज जलडमरूमध्य माथि चर्चा सामेल छन् ।
ईरानका प्रथम उपराष्ट्रपति मोहम्मद-रेज़ा आरिफले चेतावनी दिनुभएको छ कि यदि अमरीकाले वार्तामा इस्राएलको हितहरुलाई प्राथमिकता दिए कुनै समझौता हुनसक्ने छैन ।अमरीकी प्रतिनिधिमंडलको नेतृत्व उपराष्ट्रपति जेडी वैंसले गरिरहनुभएको छ भने उहा सित विशेष दूत स्टीव विटकॉफ अनि जेरेड कुशनर पनि सामेल छन् । ईरानी संसद अध्यक्ष अनि प्रतिनिधिमंडलका प्रमुख मोहम्मद बाक़ेर क़लीबाफ़, विदेश मंत्री अब्बास अराघची अनि सर्वोच्च राष्ट्रीय सुरक्षा परिषदका उप प्रमुख अली बाघेरी-कानीले वार्तामा भाग लिएरहेका छन् ।

## जयशंकर-संयुक्त अरब अमीरात

विदेश मंत्री डॉ. एस. जयशंकर, दुई दिनको **संयुक्त अरब अमीरात** यात्रामा हुनुहुन्छ । यस अवधि डॉ. जयशंकरले हिज संयुक्त अरब अमीरातका उप प्रधानमंत्री अनि विदेश मंत्री **शेख अब्दुल्ला बिन जायद अल नाहयानसित भेट गर्नुभयो** , जसमा क्षेत्रीय स्थितिमा भैरहेको परिवर्तन अनि त्येसको प्रभावहरु माथि चर्चा केंद्रित रह्यो । विदेश मंत्रीले भारतीय समुदायको सुरक्षा अनि कल्याण सुनिश्चित गर्नमा संयुक्त अरब अमीरात सरकारको समर्थनका लागि आभार व्यक्त गर्नुभयो । दुवै पक्षले सहयोगको समीक्षा गरे अनि व्यापक रणनीतिक साझेदारीलाई अझ बलियो बनाउने तरीकाहरु माथि विचार गरे ।विदेश मंत्रालयले बयाए अनुसार डॉ. जयशंकरको यो यात्रा, केंद्रीय पेट्रोलियम अनि प्राकृतिक गैस मंत्री हरदीप सिंह पुरीको खाड़ी देशहरुको यात्रा सितै , पश्चिम एशियामा बद्लंदो क्षेत्रीय परिस्थितिहरु बीच भारतको ऊर्जा सुरक्षालाई बलियो बनाउने प्रयासहरुको हिस्सा हो ।

## सोनोवाल - एलपीजी पोत

पत्तन, पोत परिवहन अनि जलमार्ग मंत्री सर्बानंद सोनोवालले भन्नुभएको छ कि भारतीय झन्डा भएको **जग विक्रम पोत** सफलतापूर्वक फारसको खाड़ीबाट बाहिर निस्किएको छ जसमा 24 भारतीय चालक दलक सदस्य सवार छन् ।श्री सोनोवालले सोशल मीडिया पोस्टमा भन्नुभयो कि यस पोतमा 20 हजार 412 मीट्रिक टन एल.पी.जी. रहेको छ । यो **पोत 15 अप्रैल सम्म भारत आइपुग्ने आशा छ ।**

## चीता-जन्म-कुनो राष्ट्रीय उद्यान

मध्य प्रदेशको **कुनो राष्ट्रीय उद्यानमा** भारतमै जन्मीएको एक मादा चितुवाले जंगलमा चार शावकहरुलाई जन्म दिएको छ । पर्यावरण, वन अनि जलवायु परिवर्तन मंत्री भूपेंद्र यादवले यस घटनालाई देशको चितुवा संरक्षण यात्रामा ऐतिहासिक उपलब्धि बताउनुभएको छ ।सोशल मीडिया पोस्टमा श्री यादवले भन्नुभयो लगभग 25 महीनाको' मादा चितुवा , **गामिनी-केजीपी 12,** जो भारतमै जन्मिएको दोस्रो पीढ़ीको हिस्सा हो , त्येस चितुवाले प्राकृतिक परिस्थितिहरुमा सफलतापूर्वक चार शावकहरुलाई जन्म दिएको छ ।

## बिहार सड़क हादसा

बिहारको कटिहार जिल्लामा एक भीषण सड़क दुर्घटनामा 13 ब्तेक्तिहरुको मृतु भएको छ अनि धेरै अन्य घाइते भएका

छन् । यो दुर्घटना हिज साझ  लगभग 6 बजे राष्ट्रीय राजमार्ग 31 मा कोढ़ा ब्लॉकको बसगढ़ा चौक नजिक भएको हो , जब एक बस पिकअपसित ठोक्कियो । यस घटनामा एक मोटरसाइकिल सवारको पनि मृतु भएको छ । घाइते भएकाहरु सबैलाई उपचारको लागि कोढ़ा प्राथमिक स्वास्थ्य केंद्र अनि पूर्णिया मेडिकल कॉलेजमा भर्ती गराईएको छ ।स्थानीय निवासिहरु अनुसार, श्रद्धालुहरुको  एक समूह झारखंडमा एक धार्मिक अनुष्ठान पूरा गरे पछि पिकअपमा  पूर्णिया फर्किरहेका थिए ।मुख्यमंत्री नीतीश कुमारले यस भीषण सड़क दुर्घटनामा भएको जानमालको हानि माथि गहिरो शोक व्यक्त गर्नुभएको छ ।**राष्ट्रपति-उपराष्ट्रपति,**

**प्रधानमंत्री- कटिहार**

बिहारको कटिहार जिल्लामा भएको सड़क दुर्घटनामा ज्यान गुमाउनेहरु प्रति  राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी. पी. राधाकृष्णन अनि प्रधानमंत्री नरेंद्र मोदीले शोक व्यक्त गरेका छन् ।सोशल मीडिया पोस्टमा राष्ट्रपति मुर्मुले यस  खबरलाई धेरै दुखद बताउनुभयो । उहाले शोक संतप्त परिवारहरु प्रति संवेदना व्यक्त गर्नुभयो अनि घाइते भएका हरुको शीघ्र स्वस्थ लाभको लागि प्रार्थना गर्नुभएको छ ।उपराष्ट्रपतिले पनि एक पोस्टमा पीड़ित परिवारहरु प्रति आफ्नो  संवेदना व्यक्त गर्नुभयो अनि घाइते हुनेहरु चाडै स्वस्थ हुने कामना गर्नुभएको  छ ।प्रधानमंत्री नरेन्द्र मोदीले यस दुर्घटनालाई धेरै दर्दनाक बताउनुभयो । सोशल मीडिया पोस्टमा उहाले आफन्तहरु गुमाउनेहरु प्रति संवेदना व्यक्त गर्नुभयो अनि घाइते भएकाहरुको स्वस्थ लाभको कामना गर्नुभएको छ । प्रधानमंत्रीले राष्ट्रीय राहत कोषबाट प्रत्येक मृतकका परिजनलाई दुई लाख रुपियाको अनुग्रह राशि दिने घोषणा गर्नुभयो अनि घाइतेहरुलाई 50 हजार रुपिया दिईनेछ ।